


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २७ गते मंगलबार ❑ 13 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुस्ताङ सहित हुम्ला-जुम्लाका भेडा-च्याङ्ग्रा पोखरामा, मुस्ताङबाट १३ हजार बाहिरिए

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

बडादशैं नजिकिँदै गर्दा पोखरामा हिमाली भेडा-च्याङ्ग्राको कारोबार बढेको छ। दशैंलाई लक्षित गरी मुस्ताङबाट म्याग्दी हुँदै पोखरा क्षेत्रको बजारमा बिक्री वितरणका लागि हालसम्म १३ हजार भेडा-च्याङ्ग्रा बाहिरिएका छन्।

मुस्ताङका स्थानीय खोरपालुवा भेडा-च्याङ्ग्रासँगै हुम्ला, जुम्ला र डोल्पाका भेडा-च्याङ्ग्रा पनि बजारमा भित्रिएपछि पोखरामा दशैंको रौनक थपिएको हो।

पोखराको याम्दी क्षेत्रमा अस्थायी खोर बनाएर भेडा-च्याङ्ग्रा बिक्री गर्न थालिएको छ। याम्दी क्षेत्रमा पछिल्ला दिनमा भेडा-च्याङ्ग्रा किन्ने र अवलोकन गर्नेको चहलपहल बढेको छ। यस वर्ष मुस्ताङ सहित हुम्ला र जुम्लाबाट आएका भेडा-च्याङ्ग्रा तुलनात्मक रूपमा केही सहुलियत मूल्यमा बिक्री भइरहेका छन् भने मुस्ताङका स्थानीय खोरपालुवा भेडा-च्याङ्ग्राको मूल्यसमेत घट्दो क्रममा रहेको व्यवसायीहरू बताउँछन्। मुस्ताङको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार हालसम्म स्थानीयसहित हुम्ला, जुम्ला र डोल्पाका १३ हजार भेडा-च्याङ्ग्रा मुस्ताङबाट बाहिरिएका छन्।



कार्यालयका डा. लालमणि अर्यालले सडक खुला भएसँगै थप भेडा-च्याङ्ग्रा बाहिरिने सम्भावना रहेको बताउनुभयो। उहाँका अनुसार बाहिरी जिल्लामा पठाउनुअघि भेडा-च्याङ्ग्राको स्वास्थ्य परीक्षणलाई प्राथमिकता दिइएको छ। पशुको अवस्था हेरेर प्रतिगोटा पाँचदेखि १० रुपैयाँसम्म स्वास्थ्य परीक्षण शुल्क लिने गरिएको उहाँले जानकारी दिनुभयो। स्वास्थ्य परीक्षण तथा आवश्यक प्रक्रिया पूरा गरेपछि मात्रै भेडा-च्याङ्ग्रा बाहिर पठाउने व्यवस्था गरिएको कार्यालयले जनाएको छ।

**रोज्जा च्याङ्ग्रा ४२ हजारसम्म**

पोखराको याम्दी क्षेत्रमा अहिले भेडा-च्याङ्ग्राको मूल्य आकार, तौल र गुणस्तरअनुसार फरक-फरक छ। स्थानीय खोरपालुवा रोज्जा भेडा-च्याङ्ग्रा प्रतिगोटा ३५ हजारदेखि ४२ हजार रुपैयाँसम्ममा बिक्री भइरहेको व्यवसायी चन्द्रबहादुर रोकायले बताउनु भयो।

हुम्ला र जुम्लाबाट आएका भेडा-च्याङ्ग्रा भने तुलनात्मक रूपमा केही सस्तोमा पाउन सकिने व्यवसायीहरूको भनाइ छ। यस वर्ष २२५ वटा भेडा-च्याङ्ग्रा पोखरा ल्याउनु भएको रोकायले गत वर्ष करिब छ लाख रुपैयाँ घाटा व्यहोर्नुपरेको गुनासो गर्नुभयो। यस वर्ष बजारको अवस्था अनुकूल रहे गत वर्षको घाटा पूर्ति गर्ने उहाँको लक्ष्य रहेको छ। "गत वर्ष ठूलो घाटा भयो। यस वर्ष बजारमा कारोबार राम्रो हुने र अघिल्लो वर्षको घाटा असुल हुने आशा गरेको छु," उहाँले भन्नुभयो। भेडा-च्याङ्ग्रा बिक्रीका लागि याम्दी क्षेत्रमा बनाइएका अस्थायी खोरको व्यवस्थापन भने व्यवसायीका लागि चुनौती बनेको छ। रोकायका अनुसार एउटा खोर प्रयोग गरेबापत ३० हजार रुपैयाँ शुल्क तिर्नुपरेको छ। तर, त्यहाँ शौचालय र पानीको समेत पर्याप्त व्यवस्था नभएको उहाँले गुनासो गर्नुभयो। भेडा-च्याङ्ग्रा राख्ने खोरको शुल्क महँगो भए पनि आधारभूत सुविधा नहुँदा व्यवसायीलाई थप समस्या भएको उहाँको भनाइ छ।

हिमाली क्षेत्रमा प्राकृतिक चरनमा हुर्किएका भेडा-च्याङ्ग्राको मासुप्रति उपभोक्ताको आकर्षण रहँदै आएको छ। स्थानीयका अनुसार यार्सागुम्बासहित विभिन्न वनस्पति पाइने हिमाली चरन क्षेत्रमा हुर्किएका च्याङ्ग्राको मासु स्वादिलो हुने विश्वास गरिन्छ। यद्यपि, मासुको गुणस्तर र खाद्य सुरक्षाका लागि पशुको स्वास्थ्य अवस्था तथा मासुको स्वच्छतामा ध्यान दिनुपर्ने सरोकारवालाहरू बताउँछन्। दशैंको परम्परागत खानाका रूपमा भेडा-च्याङ्ग्राको मासु उपभोग गर्ने चलन रहेकाले पोखरामा हरेक वर्ष यस समयमा कारोबार बढ्ने गर्छ।

## कांग्रेसबाट टाढिएकाहरूलाई पार्टीमा फर्काउनुपर्नेमा थापाको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीबाट टाढिएका नेता तथा कार्यकर्तालाई पुनः पार्टीमा फर्काउनुपर्ने बताउनुभएको छ।

पूर्वसहायकमन्त्री प्रकाशबहादुर गुरुङको १३औं पुण्यतिथिमा नेपाली कांग्रेस अन्नपूर्ण गाउँपालिकाले मंगलबार यहाँ आयोजना गरेको शोकसभामा उहाँले पार्टीप्रति असन्तुष्टि जनाउँदै टाढिएका नेता तथा कार्यकर्तालाई समेट्नुपर्ने बताउनुभयो।

सभापति थापाले कांग्रेस ठूला नेताहरूको मात्र नभई गाउँमा बस्ने र पार्टी निर्माणमा योगदान दिएका सबैको पार्टी भएको बताउनुभयो।

सभामा दिवङ्गत नेता गुरुङले पार्टी र समाजमा पुऱ्याउनुभएको योगदानको स्मरण गरिएको थियो। कार्यक्रममा कांग्रेसका नेता, कार्यकर्ता तथा शुभेच्छुक सहभागी थिए।

## जिप दुर्घटना हुँदा एकको मृत्यु, छ जना घाइते

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ डुम्रीडाँडामा बुधबार साँझ बोलेरो जिप दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्। दुर्घटनामा आँबुखैरेनी गाउँपालिका-६ छापस्वारा बस्ने ४७ वर्षीया इन्द्रमाया गुरुङको मृत्यु भएको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

बरादीबाट हिलेखर्कतर्फ जाँदै गरेको ग२च ३२६९ नम्बरको बोलेरो जिप उकालोमा अनियन्त्रित भई पछाडि जाँदा सडकबाट करिब सात मिटर तल नालीमा खस्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो।

दुर्घटनामा घाइते गुरुङलाई उपचारका लागि आँबुखैरेनी अस्पताल लगिएकामा चिकित्सकले मृत घोषणा गरेका उहाँले बताउनुभयो। दुर्घटनामा घाइते भएका छ जनाकै आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये केहीको अवस्था मध्यम र केहीको सामान्य रहेको प्रनाउ घिमिरेले बताउनुभयो।

दुर्घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट प्रहरी निरीक्षक प्रदीप सुवेदीको नेतृत्वमा ट्राफिक प्रहरीसहित १० जनाको टोली घटनास्थलमा खटिएको थियो। जिप चालक आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्क निवासी ३३ वर्षीय लक्ष्मण गुरुङलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान सुरु गरेको छ।

## ट्रक दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ असोज

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुँवामा सिमेन्ट बोकेको ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा धादिङ सिद्धलेक गाउँपालिका-६ करिब ३० वर्षीय सञ्जीव मगर रहेको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो। उक्त दुर्घटनामा सहचालक प्रदीप विकसमेत घाइते भएको प्रहरीले जनाएको छ। डुम्रेबाट दमौलीतर्फ सिमेन्ट लिएर आउँदै गरेको लु२ख १५४ नम्बरको ट्रक चालकले नियन्त्रण गुमाउँदा सडकबाट करिब २० मिटर तल खसेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। दुर्घटनाग्रस्त ट्रक घटनास्थलमै रहेकाले निकाल्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

## उत्तरी गोरखाका पाँच हजार घरधुरी विद्युतविहीन

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असोज

उत्तरी गोरखाका करिब पाँच हजार घरधुरी विद्युतविहीन बनेका छन्।

सिर्दिबास उहिया लघुजलविद्युत् आयोजना बूढीगण्डकी बाढीले क्षति पुऱ्याएका कारण उक्त क्षेत्रका जनता प्रभावित बनेका हुन्। आइतबार मध्यरातिदेखि आएको बाढीले जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका वडा नं ३ र वडा नं ६ मा विद्युत् अवरुद्ध बनेको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताउनुभयो।

चुमनुब्रीको लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आंगा, सर्स्युँ, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन, सिर्दिबास र जगत्मा विद्युत् अवरुद्ध भएको हो। जसका कारण ९७१ घरधुरी प्रभावित बनेको उहाँले जानकारी दिनुभयो। "बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरु पनि कता पुऱ्यायो, पुऱ्यायो। पावर हाउस चाँही सुरक्षित छ", उहाँले भन्नुभयो। विद्युत् नहुँदा उत्तरी गोरखाको गाउँबस्ती समस्यामा परेको चुमनुब्रीको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले बताउनुभयो।

विद्युत् र इन्टरनेट नहुँदा हाल पालिकाको प्रशासनिक काम ठप्प बनेको छ। निजी सङ्घसंस्था र स्थानीय नागरिक पनि मर्कामा परेका छन्। हाल उत्तरी गोरखाको बाढी प्रभावित क्षेत्रमा एक गाउँबाट अर्को गाउँसम्म पुग्न सक्ने अवस्थासमेत नरहेको चुमनुब्री गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुमारी गुरुङ बताउनुहुन्छ। "फिलिमबाट न तल जाने ठाउँ छ, न त माथि जाने। बाढीले पुल, बाटो सबै बगायो", उहाँले भन्नुभयो, "झनै बिजुली पनि नहुँदा त यो ठाउँ अन्धकार बनेको छ। धन्न मानवीय क्षति भने भएको छैन।" उत्तरी गोरखाको अधिकांश गाउँबस्तीमा विजुली र इन्टरनेटको समस्या रहेको गुरुङको भनाइ छ। बाढीका कारण उत्तरी गोरखाको धार्चे गाउँपालिकावासीलाई झनै मर्का परेको छ। हाल गाउँपालिकाको सात वटै वडाका करिब चारहजार घरधुरी विद्युत्विहीन बनेको पालिकाको प्रमुख प्रशासकिय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिनुभयो।

विद्युत् प्राधिकरणको आरुघाटस्थित वितरण केन्द्रमा बाढीले क्षति पुऱ्याएपछि धार्चे गाउँपालिका अन्धकार बनेको उहाँले बताउनुभयो। "बाढीले यहाँको बिजुली, सञ्चार, बाटो-घाटो, पुल सबै बगायो", उहाँले भन्नुभयो। जिल्लाको आरुघाट गाउँपालिकाका ५० घरधुरी समते विद्युत्विहीन बनेका छन्। पालिकाका अध्यक्ष राजु गुरुङले आरुघाटको वडा नं ५ शान्ति बजार क्षेत्रका ५० घरधुरीमा विद्युत् सेवा अवरुद्ध बनेको छ।

## मनास्लु क्षेत्र पुगेका पर्यटक सुरक्षित

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असोज

बूढीगण्डकी बाढीका कारण प्रभावित मनास्लु क्षेत्रको पदयात्रामा रहेका पर्यटक सुरक्षित रहेका मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले जनाएको छ।



आइतबार चुमनुब्री गाउँपालिका-६ उङ्गिलुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीका कारण मनास्लुको चुमउपत्यका पुगेका ८७ जना पर्यटक समस्यामा परेका थिए। ती सबै पर्यटक सुरक्षित अवस्थामा रहेका एमक्यापका सूचना अधिकारी भुवनराज ओझाले जानकारी दिनुभयो। उहाँका अनुसार मनास्लु क्षेत्रको प्रवेशविन्दुमा अलपत्र परेका ९८ पर्यटक र ७३ जना गाइड तथा भरियाहरू पनि सुरक्षित छन्। आयोजनाका अनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶



# अन्नपूर्ण पदमार्गमा पर्यटकको आगमन बढ्न थाल्यो

**पोखरापत्र संवाददाता**
लमजुङ, २५ असोज

बाढीपहिरो र हिमपातका कारण प्रभावित बनेको अन्नपूर्ण चक्रीय पदमार्गमा पर्यटकको आगमन पुनः बढ्न थालेको छ । यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षा र हिमपातका कारण सडक तथा पदमार्ग अवरुद्ध हुँदा कमी आएको पर्यटक आगमन थोरङ्ला पास जाने बाटो सहज बनेसँगै बृद्धि हुन थालेको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को धारापानीस्थित पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार अहिले दैनिक १५० देखि २०० पर्यटक आउन थालेका छन्। समुद्री सतहबाट पाँच हजार ४१६ मिटर उचाइमा रहेको थोरङ्ला पास जाने पदमार्गमा जमेको हिउँ हटाएपछि मनाङबाट मुस्ताङ जाने पर्यटकलाई सहज भएको उहाँले बताउनुभयो । पर्यटकीय 'सिजन' सुरु भएसँगै भदौदेखि पर्यटक आगमन बढ्न थालेको थियो तर असोज ८ देखि ११ गतेसम्मको प्रतिकूल मौसमपछि पर्यटकको आवागमन प्रभावित हुँदा दैनिक एक-दुई जनामात्र आउने गरेकोमा अहिले बढ्न थाले सगै सो हाराहारीमा आउन थालेको गुरुङले बताउनुभयो ।

उहाँका अनुसार असोज १८ देखि २५ गतेसम्म धारापानीस्थित केन्द्रमा एक हजार ४४७ पर्यटकको विवरण अभिलेख भएको छ । तीमध्ये ८८७ पुरुष र ५६० महिला छन् । उक्त अवधिमा सबैभन्दा बढी इजरायलबाट १४१, अस्ट्रेलियाबाट १२१, जर्मनीबाट १०९, स्पेनबाट १०३ र बेलायतबाट ९७ पर्यटक आएका छन् । गत वर्ष मुख्य पर्यटकीय याममा दैनिक ४०० देखि ५०० सम्म पर्यटक आउने गरेकामा यस वर्ष बाढीपहिरो र हिमपातका कारण आगमन प्रभावित भएको गुरुङले बताउनुभयो । सडक तथा पदमार्ग सहज हुँदै गएमा पर्यटकको सङ्ख्या अझै बढ्ने उहाँको अपेक्षा छ । अन्नपूर्ण चक्रीय पदमार्ग हिमाली दृश्य, प्राकृतिक सौन्दर्य तथा स्थानीय संस्कृति र रहनसहनका कारण स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ। लमजुङको बेँसीसहरबाट मनाङ हुँदै थोरङ्ला पास पार गरेर मुस्ताङ पुग्ने यस पदमार्गमा जगत र धारापानी पर्यटकका महत्वपूर्ण बासस्थान हुन् । मर्स्याङ्दी गाउँपालिका-४, जगत्का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले बाढीपहिरोले गर्दा पर्यटक आगमन घट्दा व्यवसायको आम्दानी शून्यजस्तै बनेको थियो तर अहिले पर्यटक आउन थालेपछि दैनिक रु १५ हजारदेखि २० हजार रुपैयाँसम्म आम्दानी हुन थालेको बताउनुभयो । "गत वर्षको मुख्य पर्यटकीय सिजनमा दैनिक ४० हजारदेखि ५० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको थियो । यस वर्ष बाढीपहिरोका कारण व्यवसाय प्रभावित भयो । केही दिनअघिसम्म पर्यटक नआउँदा आम्दानी शून्यजस्तै थियो, अहिले विस्तारै आउन थालेका छन्," उहाँले भन्नुभयो । उहाँका अनुसार जगत्मा करिब २२ देखि होटल सञ्चालनमा छन् ।

सडकबाटै सिधै मनाङ पुग्ने पर्यटकका कारण पदमार्गका बीचमा पर्ने बस्तीका व्यवसायमा पनि असर पर्ने गरेको उहाँले बताउनुभयो । सडक तथा पदमार्ग सहज हुँदै गएमा आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्ने र व्यवसायमा सुधार आउने उहाँको अपेक्षा छ ।

मर्स्याङ्दी गाउँपालिका-४, बुङ झरनानजिक होटल सञ्चालन गर्दै आउनुभएका पर्यटन व्यवसायी बाबुराम तामाङले पनि बाढीपहिरोका कारण मुख्य पर्यटकीय सिजनमै व्यवसाय सुनसान बनेको बताउनुभयो । पछिल्ला दिनमा पर्यटक आउन थालेपछि व्यवसायीमा आशा पलाएको उहाँको भनाइ छ। सडक र पदमार्ग सहज भएमा पर्यटकको आगमन थप बढ्ने उहाँले अपेक्षा गर्नुभयो ।



गह्रौँसुर मन्दिर : स्याङ्जाको वालिङ-८ र गल्याङ-१० को सीमामा अवस्थित स्याङ्जा जिल्लाकै प्रसिद्ध धार्मिकस्थल गह्रौँसुर मन्दिर । कालिका भगवतीको दर्शन गर्न विशेष गरी बडादसैँमा यहाँ टाढा टाढाबाट दर्शनार्थीहरु आउने गर्छन् । तस्बिरः तोलाकान्त बगाल/रासस

# पृथ्वीधर सिग्देल समाजमा सञ्जयकान्तको सबल यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

जीवनको सुन्दरता आफूले के प्राप्त गरियो भन्नेमा मात्र होइन, समाजलाई के दिन सकियो भन्नेमा पनि निहित हुन्छ ।

आफ्नो ज्ञान, सीप, अनुभव र समयलाई समाजको हितमा समर्पित गर्न सक्नु नै जीवनको सार्थकता हो । यही भावनालाई आत्मसात् गर्दै समाजसेवा, पर्यटन र क्रिकेटका क्षेत्रमा सक्रिय सञ्जयकान्त सिग्देल बहुआयामिक व्यक्तित्वका रूपमा परिचित छन् पोखरामा । बाल्यकालदेखिको सामाजिक रुचि, पर्यटन क्षेत्रको लामो अनुभव र क्रिकेटप्रतिको लगावले उनको जीवनयात्रालाई फरक पहिचान दिएको छ ।

स्व.रमेशकान्त सिग्देल र स्व. मनोहरा सिग्देलका कान्छा छोराका रूपमा जन्मिएका सञ्जयकान्तको सामाजिक यात्राको जग बाल्यकालमै बसेको थियो । विसं २०४६ मा आदर्श बाल क्लबको संस्थापक सचिव बनेर समाजसेवामा होमिएका उनले समयसँगै आफ्नो सक्रियता र जिम्मेवारीको दायरा फराकिलो बनाउँदै लगेका छन् । सानै उमेरदेखि सामूहिक गतिविधिमा जोडिएका उनी अहिले समाज, पर्यटन र खेलकुदका विभिन्न संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् ।




पोखरा महानगरपालिका वडा नं १३ स्थित पृथ्वीधर सिग्देल समाजको दशौँ वार्षिक साधारण सभा तथा पाँचौँ अधिवेशनबाट सञ्जयकान्त अध्यक्षमा चयन भएका छन् । सिग्देल समुदायका सदस्यलाई एउटै सूत्रमा जोड्ने साझा संस्थाका रूपमा रहेको यस समाजले आपसी सद्भाव, आत्मीयता र सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्य सञ्जयकान्तको छ । समुदायका सदस्यबीचको सम्बन्धलाई प्रगाढ बनाउँदै सामाजिक तथा सामूहिक हितका काम अघि बढाउनु समाजको महत्वपूर्ण लक्ष्य हो ।

अध्यक्षका रूपमा सञ्जयकान्तले समुदायबीचको एकतालाई थप मजबुत बनाउने, नयाँ पुस्तालाई सामाजिक गतिविधिमा जोड्ने र आपसी सहयोगको संस्कृतिलाई निरन्तरता दिने अवसर पाएका छन् । व्यस्त जीवनशैलीका बीच पनि आफ्नो समुदायसँगको सम्बन्धलाई महत्व दिनु उनको यात्राको उल्लेखनीय पक्ष हो । सञ्जयकान्तको सक्रियता सामाजिक क्षेत्रमा मात्र सीमित छैनन् । पर्यटन व्यवसायमा लामो समय बिताएका उनले यस क्षेत्रका सम्भावना, चुनौती र अवसरलाई नजिकबाट अनुभव गरेका छन् । पर्यटन क्षेत्रसँगको उनको आबद्धताले यी सम्भावनालाई बुझ्ने र तिनको विकासका लागि सहकार्य गर्ने अवसर प्रदान गरेको छ । त्यसै गरी नेपाल एसोसिएसन अफ टुर्स एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशका अध्यक्षका रूपमा समेत जिम्मेवारी सम्हालिरहेका सञ्जयकान्त पर्यटन क्षेत्रको प्रवर्द्धनमा सक्रिय छन् । पर्यटनलाई व्यवसायसँगै स्थानीय पहिचान, संस्कृति र सम्भावनालाई विश्वसामु चिनाउने माध्यमका रूपमा अघि बढाउन सकिने विश्वास उनको अनुभवले दिलाउँछ ।

उनको व्यक्तित्वको अर्को सशक्त पाटो क्रिकेट हो । बाल्यकालदेखिकोखेलकुदप्रतिको रुचिलाई संस्थागत जिम्मेवारीसँग जोड्दै उनी कास्की जिल्ला क्रिकेट संघ र गण्डकी प्रादेशिक क्रिकेट संघको अध्यक्षका रूपमा अनुभव छ । क्रिकेटले खेलाडीलाई अनुशासन, धैर्य, आत्मविश्वास र सामूहिक भावनाको पाठ सिकाउँछ । यसका अतिरिक्त सञ्जयकान्त मानव सेवा कल्याण सेवा समिति, आर्बा, पोखरा वडा नं १३ का आजीवन सदस्य तथा भद्रकाली बहुमुखी क्याम्पसका संस्थापक सभासद् हुन् । विभिन्न संघसंस्थासँगको उनको आबद्धताले शिक्षा, समाजसेवा र सामुदायिक सहकार्यप्रतिको प्रतिबद्धतालाई उजागर गर्छ । पृथ्वीधर सिग्देल समाजको अध्यक्षका रूपमा प्राप्त नयाँ जिम्मेवारीले सञ्जयकान्तलाई आफ्नो समुदायसँग अझ नजिक रहेर काम गर्ने अवसर दिएको छ। समाजको कामलाई व्यवस्थित र प्रभावकारी रूपमा अघि बणउन नयाँ कार्यसमिति समेत चयन भएको छ। समितिको उपाध्यक्षमा अनुज सिग्देल, सचिवमा अर्जुन सिग्देल र कोषाध्यक्षमा कुशल सिग्देल चयन भएका छन् । त्यसैगरी सदस्यमा विष्णु अधिकारी सिग्देल, सन्ध्या पराजुली सिग्देल, सुजिता सिग्देल, अनिष सिग्देल र निरज सिग्देल रहेका छन् । कार्यक्रममा शैक्षिक क्षेत्रमा सफलता हासिल गर्ने विद्यार्थी, एक वर्षभित्र विभिन्न संघसंस्थाको नेतृत्वमा पुगेका व्यक्तित्व तथा अक्षयकोष स्थापनामा योगदान गर्ने दातालगायतलाई सम्मान गरिएको थियो ।

यस्ता सम्मानले नयाँ पुस्तालाई प्रोत्साहन गर्नुका साथै समाजप्रतिको जिम्मेवारी र योगदानको महत्व उजागर गर्दछ । पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैया सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजका पूर्वअध्यक्ष शरदकान्त सिग्देल, गोविन्द सिग्देल क, अर्जुन सिग्देलतथासमाजसेवीताराकान्त सिग्देललगायतले बोलेका थिए । कार्यक्रममा समाजका उपाध्यक्ष रमाकान्त सिग्देलले स्वागत मन्तव्य राखेका थिए भने सचिव गोविन्दप्रसाद सिग्देल ख ले कार्यक्रम सञ्चालन गरेका थिए ।

# बाढीपहिरोले घिरिङका १० खानेपानी र नौ सिँचाइ आयोजनामा क्षति

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज

यही असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले तनहुँको घिरिङ गाउँपालिकामा खानेपानी तथा सिँचाइका संरचनामा क्षति पुऱ्याएको छ । बाढीपहिरोका कारण खानेपानीका मुहान, पाइप, मोटर, ट्रान्सफर्मर, ट्याङ्की तथा सिँचाइका बाँध, कुलो र नहरमा क्षति पुगेको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार घिरिङ गाउँपालिकाका विभिन्न वडामा खानेपानीतर्फ दश र सिँचाइतर्फ नौ वटा आयोजनामा आंशिक क्षति पुगेको छ। क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा मर्मतका लागि सम्बन्धित प्रदेश मन्त्रालय, कार्यालय र गाउँपालिकामा सिफारिस गरिएको उहाँले बताउनुभयो। बाढीपहिरोले घिरिङ गाउँपालिकाका विभिन्न बस्तीमा सञ्चालनमा रहेका खानेपानी आयोजनामा क्षति पुऱ्याएको छ । कतै बाढीले पाइप बगाएको छ भने कतै पहिरोले मुहान पुरिएको र विद्युतीय उपकरणमा क्षति पुगेको छ । घिरिङ-१ पुट्टारस्थित ढाव खानेपानी आयोजनाको कपरवायर एक सय मिटर र १२ वटा स्ट्यान्ड बगाएको छ । आयोजनालाई पुनः सञ्चालनमा ल्याउन आवश्यक सामग्री जडान गर्नुपर्ने भएको छ ।

त्यस्तै, घिरिङ-४ स्थित देउतीखोला खानेपानी आयोजनाको सामुदायिक विद्युतीकरणबाट सञ्चालित ट्रान्सफर्मर जलेको छ। सोही वडाको गड्यौलीटारस्थित झर्राखोला खानेपानी आयोजनाको मोटर र मिटर बिग्रिएका प्रजिअ तिवारीले जानकारी दिनुभयो । घिरिङ-३ वाकथोकस्थित चाँपादी खानेपानी आयोजनाको मुहान पहिरोले पुरिएको छ । घिरिङको नयाँटारस्थित सुनौली खानेपानी आयोजनामा भासिने समस्या देखिएको छ भने घिरिङ-४ जिताकोटस्थित घिमिरे पँधेरी खानेपानी आयोजनाको ट्याङ्कीमा क्षति पुगेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार घिरिङ-२ स्थित भदौरे खानेपानी आयोजनाको एमसिबी बिग्रिएको छ । घिरिङ-५ स्थित भकर्दी खानेपानी आयोजनाको पाइप बाढीले बगाएको छ भने सोही वडाको अलैँचे खानेपानी आयोजनाका पिल्लरका टेका बगाएको छ । घिरिङ-५ कै गाउँपानी खानेपानी आयोजनाको मुहानमा समेत क्षति पुगेको छ। यी सबै आयोजनाको पुनर्निर्माण तथा मर्मतका लागि गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र घिरिङ गाउँपालिकामा सिफारिस गरिएको प्रजिअ तिवारीले बताउनुभयो ।

बाढीपहिरोले घिरिङ गाउँपालिकाका विभिन्न स्थानमा रहेका सिँचाइ आयोजनामा समेत क्षति पुऱ्याएको छ । खेतबारीमा सिँचाइ पुऱ्याउन प्रयोग हुँदै आएका बाँध, कुलो, पाइप तथा नहर क्षतिग्रस्त भएका छन्। घिरिङ-१ स्थित अत्रौली-पुट्टार सिँचाइ आयोजना प्रभावित भएको छ । घिरिङ-३ स्थित रोहिणी सिँचाइ आयोजनाको बाँध बाढीले बगाएको छ। सोही वडाको बाँधघट्ट सिँचाइ बाँध पनि बगाएको छ ।

घिरिङ-१ स्थित गड्यौलीटार कुलोमा बाढी पसेर मुहान बगाएको छ। घिरिङ-४ स्थित वान्टाङ खोला बाँध तथा कुलोमा क्षति पुगेको छ भने घिरिङ-५ स्थित वीरखोला सिँचाइ आयोजनाको पाइपमा क्षति पुगेको छ । यसैगरी, घिरिङ-३ स्थित गोफाखोला सिँचाइ बाँधमा क्षति पुगेको छ । सोही वडाको नयाँटार सिँचाइ नहर जगसहित पहिरोले बगाएको छ । घिरिङ क्षेत्रमा रहेको पार्दीकुलो सिँचाइ आयोजनाको पाइपमा समेत क्षति पुगेको प्रजिअ तिवारीले जानकारी दिनुभयो । क्षतिग्रस्त सिँचाइ आयोजनाको पुनर्निर्माण तथा मर्मतका लागि गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय दमौली र घिरिङ गाउँपालिकामा सिफारिस गरिएको उहाँले बताउनुभयो । प्रमुख जिल्ला अधिकारी तिवारीका अनुसार बाढीपहिरोबाट क्षति पुगेका खानेपानी तथा सिँचाइका संरचना पुनः सञ्चालनमा ल्याउन आवश्यक प्रक्रिया अघि बढाइएको छ । क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय गरिने उहाँले बताउनुभयो ।

खानेपानीका संरचनामा क्षति पुग्दा स्थानीय बासिन्दालाई स्वच्छ खानेपानी उपलब्ध गराउन समस्या भएको छ भने सिँचाइका बाँध, कुलो र पाइप बिग्रँदा खेतबारीमा पानी पुऱ्याउन कठिनाइ भएको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो ।

## मनास्लु ...

बाढीले मनास्लु पदमार्गमा भने क्षति पुऱ्याएको छ । एमक्यापले हाल चुमउपत्यकाको पदयात्रा अस्थायी रूपमा स्थगित गरिएको जनाएको छ । चुमनुब्री गाउँपालिका-६ लोक्पास्थित सार्दीभिरमा रहेको क्यान्टिलिभर पुल बाढीले बगाएपछि चुमउपत्यकाको पदमार्ग अवरुद्ध बनेको हो । धार्चे गाउँपालिकाको माछाखोलाबाट चुमनुब्रीको जगतसम्मको बाटोका अधिकांश स्थानमा पदमार्ग क्षतिग्रस्त बनेको एमक्यापका सूचना अधिकारी ओझाले बताउनुभयो ।

सामागाउँ जान चाहने पदयात्रीले भने हेलिकप्टरबाट सिधैँ फिलिमसम्म जान सक्ने विकल्प रहेको उहाँले जानकारी दिनुभयो । ओझाका अनुसार फिलिमबाट लार्के पाससम्मको पदमार्ग खुला र सुरक्षित अवस्थामा छ। तर, माछाखोलाबाट जगतसम्म र सल्लेरी भएर जाने पदमार्ग भने क्षतिग्रस्त बनेको छ। आयोजनाले क्षतिग्रस्त पदमार्ग पुनर्निर्माण गर्न सम्बन्धित निकायसँग समन्वय गरिरहेको जनाएको छ ।

# चार मुलुकका लागि प्रस्तावित राजदूतको सुनुवाइ सम्पन्न

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ असोज

सङ्घीय संसद्को संसदीय सुनुवाइ समिति (संयुक्त) ले विभिन्न चार मुलुकका लागि राजदूत पदमा नियुक्तिका लागि प्रस्तावितहरूको सुनुवाइ सम्पन्न गरेको छ ।

समितिका सभापति बोधनारायण श्रेष्ठको अध्यक्षमा शनिबार बसेको बैठकले भारतका लागि प्रस्तावित डा निश्चलनाथ पाण्डे, चीनका लागि प्रस्तावित कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि प्रस्तावित चरिनजङ्ग थापा र संयुक्त अधिराज्यका लागि राजदूत पदमा प्रस्तावित गौरव शमशेर जबराको सुनुवाइ सम्पन्न गरेको हो । बैठकमा प्रस्तावित चारै जना राजदूतले आ-आफ्नो कार्ययोजना प्रस्तुत गर्नुभएको थियो भने सांसदहरूले जिज्ञासा राख्दै प्रतिप्रश्न गर्नुभएको थियो। सो अवसरमा प्रस्तावित राजदूतहरूले सम्बन्धित मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध थप सुदृढ गर्ने, द्विपक्षीय सम्बन्ध विस्तार गर्ने, द्विपक्षीय संयन्त्रको क्रियाशीलता बढाउने, द्विपक्षीय व्यापार र कनेक्टिभिटी सुधारलगायत विषयमा पहल गर्नका लागि आफ्ना योजना प्रस्तुत गर्नुभएको थियो । त्यसअघि बैठकले प्रस्तावित राजदूतउपर प्राप्त उजुरीकर्ताका उजुरी सुनुवाई गरेको थियो । समितिले मङ्गलबार (असोज २७ गते) बिहान ९:३० बजे बस्ने बैठकमा जर्मनीका लागि राजदूत पदमा प्रस्तावित सरू जोशी, इजरायलका लागि राजदूत पदमा प्रस्तावित सुरेशकुमार कर्ण, ओमानका लागि राजदूत पदमा प्रस्तावित पदमाक्षी राणा, कोरियाका लागि राजदूत पदमा प्रस्तावित प्रा डा सङ्गम श्रेष्ठ र स्पेनका लागि राजदूत पदमा प्रस्तावित प्राप्ति शेरचनको सुनुवाइ गर्ने जनाएको छ ।

# राष्ट्रसेवकले पदीय दुरुपयोग गर्न हुन्न: महानिरीक्षक कार्की

**रासस**
काठमाडौं, २६ असोज

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले जनताप्रतिको कर्तव्य पूरा गर्ने जिम्मेवारी पाएका राष्ट्रसेवक प्रहरीले पदीय दुरुपयोग गर्न नहुने बताउनुभएको छ ।

उहाँले व्यक्तिगत स्वार्थ, अनुचित प्रभाव र पदीय अधिकार दुरूपयोग गर्दा प्रहरी सङ्गठन नै बदनाम हुने हुँदा त्यसतर्फ हेक्का राख्न उहाँले आग्रह गनुभयो । राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा मंगलबार आयोजित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८४औँ समूहको दीक्षान्त समारोहमा सम्बोधन गर्दा उहाँले सो कुरा बताउनुभएको हो । सो समारोहमा उहाँले प्रहरीको नेतृत्व आदेशमा नभई उदाहरणमा देखिनुपर्ने बताउनुभयो ।

दीक्षित हुने प्रहरी निरीक्षकलाई बधाई तथा शुभकामना दिँदै उहाँले लिएको शपथलाई व्यवहारमा जनताप्रति नरमभाव राखी काम गर्न निर्देशन दिनुभयो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# चाडपर्वमा हुने बजार अराजकता रोक

बडा दशैं नेपालीको घर आगनमा आइपुगेको छ। चाडपर्वमा मिठो खाने, राम्रो लगाउने सबैको चाहना हुन्छ। चाडपर्व धेरै खपत हुने हुँदा धेरै कमाउने र चाँडो कमाउने लोभले उपभोक्ता माथि ठगी हुने गर्दछ। विगतमा पनि चाडपर्वका अवसरमा उपभोक्ता ठगिने गरेको अनुभव छ । कमसलको बस्तु तथा सेवाबाट उपभोक्ता पीडित हुँदै आएका छन।आपूर्ति शृखलामा अवरोध उत्पन्न गरी वस्तु तथा सेवाको बढी मूल्य लिने प्रवृत्ति घातक हो। यातायात क्षेत्रमा पनि बढी भाडा असुल गर्ने र क्षमता भन्दा बढी यात्रु बोकेर जोखिममा गरेको पाइन्छ। दसैंका अवसरमा मात्र झन्डै १० लाख नेपाली काठमाडौं उपत्यका छाडेर आआफ्ना घर जाने गर्छन् ।

हवाईसेवाको भाडा पनि उस्तै महँगो हुन्छ । यो वर्ष प्राकृतिक प्रकोप र महाविपत्तिले आक्रान्त भएका उपभोक्ता चाडपर्वका अवसरमा अझ बढी प्रताडित हुने जोखिमप्रति संवेदनशील हुनु पर्छ। चाडपर्वमा मात्र होइन वर्षभरि नै बजार सहज र स्वच्छ हुनु जरुरी छ। उपभोक्ता ठगिनु हुँदैन। झन् चाडपर्वका बेला बजारमा बढी आर्थिक कारोबार हुने हुँदा अरू बेलाभन्दा मूल्य कम हुनुपर्ने हो । कुनै पनि वस्तु र सेवाको बढी कारोबार हुँदा मूल्य सहज हुनुपर्ने हुन्छ । बढी कारोबार हुँदा कम मुनाफा राखे पनि व्यापारीलाई फाइदा हुन्छ। यो अर्थशास्त्रको सामान्य नियम पनि हो तर नेपालमा यसको विपरीत छ। बढी आर्थिक कारोबार हुने बेलामा झन् बजारमा महँगी बढ्छ। कालोबजारी बढ्छ। केही दिनअघि प्रधानमन्त्री वालेन्द्र शाहले हवाई भाडाबारे चासो राख्नुभयो । यसले हवाई भाडा बढ्नबाट रोकिएको छ। दसैंका निम्ति अग्रिम टिकट पनि खुलेको छ। त्यसमा पनि सम्बद्ध निकायले ध्यान दिनु पर्छ । उपभोक्ताका अनुसार बजारमा दाल, चामलदेखि सर्वसाधारणले उपभोग गर्ने सबै वस्तुको भाउ बढेको छ। सरकार यसमा संवेदनशील देखिएको छ।

नागरिकलाई चाडपर्वको समयमा सहज, सुरक्षित र भयमुक्त वातावरण सिर्जना गर्न तथा प्रशासनिक सेवालाई थप पारदर्शी र प्रविधिमैत्री बनाउन सबै निकायलाई क्रियाशील बनाएको जनाइएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले शुक्रबार साप्ताहिक 'प्रेस ब्रिफिङ' गरी बजार अनुगमनबारे जानकारी दिएको छ। आसन्न चाडपर्वलाई दृष्टिगत गर्दै बजार अनुगमन र शान्तिसुरक्षालाई प्रभावकारी बनाउन उच्च प्राथमिकता दिएको स्पष्ट पारेको छ । चाडपर्वका बेला शान्तिसुरक्षा, सवारीसाधनको प्राविधिक परीक्षण, भाडादर अनुगमन र दुर्घटना न्यूनीकरण अति जरुरी छ। अनुगमन प्रभावकारी बनाउनु पर्छ। कृत्रिम अभाव, कालोबजारी, अस्वाभाविक मूल्यवृद्धि र म्याद गुज्रिएका वस्तुको बिक्रीवितरणविरुद्ध तीन तहकै सरकारका सम्बद्ध निकाय क्रियाशील हुनु पर्छ। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा प्रभावकारी बजार अनुगमनले बजार स्वच्छ हुन सहयोग पुग्ने छ। यस्तो बेला निजी क्षेत्रका व्यापारिक सङ्घ संस्था पनि उपभोक्ताको हितका निम्ति सहयोगी रहनु पर्छ।

विगतमा बजार अनुगमनका कतिपय अभ्यास राम्रो छैन । बढी देखावटी प्रवृत्ति पनि देखिन्थ्यो । उपभोक्ताका आँखामा प्रभावकारी अनुगमन देखिए पनि कालोबजारी र कृत्रिम अभावले उपभोक्ता पीडित हुने प्रवृत्ति पनि थियो। चाडपर्व आउन लाग्दा बजारबाट चिनी गायब हुन्छ। कालोबजारी चल्छ। यो वर्ष त केही पहिल्यैदेखि खाना पकाउने ग्यासको बजार अभाव छ। राजधानी जोड्ने कतिपय सडक अवरुद्ध हुँदा पनि बजारमा महँगी देखिने गरेको भनाइ छ। सरकारले सडक खुलाउन प्रभावकारी काम पनि गर्दै आएको छ। कृष्णभिरको अवरुद्ध सडक रातदिन गरेर खुलाइयो । बजार सधैँ स्वच्छ हुनु पर्छ। अझ चाडपर्वका बेला खाद्यान्न, लत्ताकपडा, यातायात र दैनिक उपभोग्य वस्तुको मूल्यमा अस्वाभाविक चाप पार्नु हुँदैन। मननीय कुरा त अहिले सहज अवस्था होइन। भोटेकोशी हिमबाढीको महाविपत्ति, कालीगण्डकी र बुढीगंगा नदिमा बाढीले पुर्याएको क्षति अनुमान भन्दा बढी छ । असोजको दोस्रो सातामा आएको बाढीपहिरोको गहिरो पीडाले आक्रान्त बनाएको बेला उपभोक्तालाई थप मार नपार्न सबै संवदेनशील हुनु पर्छ । सबैका निम्ति चाडपर्व उत्साहका साथ मनाउने वातावरण तयार गरिनु पर्छ। सरकारले चाडपर्वमा केही राहत दिन नसकेपनि बजारलाई अराजक बन्न रोक्न सकेमा धन्य सरकार भन्नेछन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नयाँ सहर आयोजनाबाट २९ करोड ५० लाखका योजना कार्यान्वयन

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ असोज

नयाँ सहर आयोजना कार्यालय डुम्रे भन्सारले चालु आर्थिक वर्ष २०८३/८४ मा तनहुँ, गोरखा र आसपासका क्षेत्रमा पूर्वाधार विकासका लागि रु २९ करोड ५० लाख बराबरका कार्यक्रम छनोट गरेको छ।

गुरुयोजनाअनुसार सडक स्तरोन्नति, पर्यटकीय तथा सांस्कृतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर विभिन्न योजना अघि बढाइएको हो। उक्त कार्यालयका इन्जिनियर श्रीप्रसाद पाण्डेका अनुसार चालु आर्थिक वर्षका लागि स्वीकृत बजेटबाट भानु नगरपालिका, बन्दीपुर गाउँपालिका र गोरखाको पालुङटार नगरपालिकामा सडक तथा पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

भानु नगरपालिका-४ मा स्वीकृत गुरुयोजनाअनुसार चुँदीबैंसी-मोहरियादेखि शिखर कटेरी हुँदै भानु साहित्य उद्यान जोड्ने सडक स्तरोन्नतिका लागि रु १० करोड ५० लाख विनियोजन गरिएको छ । उक्त सडक स्तरोन्नतिपछि आदिकवि भानुभक्त आचार्यको जन्मस्थलसँग जोडिएका क्षेत्रको आवागमन सहज हुने तथा स्थानीयवासी र पर्यटकलाई समेत सुविधा पुग्ने अपेक्षा गरिएको छ।

त्यस्तै भानु नगरपालिका-४ स्थित आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा भानु साहित्य उद्यानको पूर्वाधार निर्माणका लागि रु १० करोड विनियोजन गरिएको छ। साहित्य, संस्कृति र पर्यटनसँग जोडिएको उक्त उद्यानलाई व्यवस्थित तथा आकर्षक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माणको योजना अघि बढाइएको हो।

बन्दीपुर गाउँपालिकामा सडक तथा पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ । गाउँपालिकाको कालिका मोटरमार्गदेखि गुरुङटारस्थित नेपाल टेलिकमको टावर, मगर गुठी हुँदै बिरुवा जोड्ने मोटरमार्ग स्तरोन्नतिका लागि रु तीन करोड विनियोजन गरिएको छ । सडक स्तरोन्नतिले ग्रामीण बस्ती तथा स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन र आवागमन सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । बन्दीपुर गाउँपालिका-२ र ३ अन्तर्गत बन्दीकापुरमा २५ पोखरी ताल पार्क निर्माणका लागि रु तीन करोड विनियोजन गरिएको छ । प्राकृतिक तथा पर्यटकीय सम्भावना बोकेको उक्त क्षेत्रलाई पार्कका रूपमा विकास गरी आन्तरिक पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । त्यस्तै छिमेकी जिल्ला गोरखाको पालुङटार नगरपालिकाअन्तर्गत लुङ्गा-वडा कार्यालय-चापाभञ्ज्याङ-कार्की गाउँ-आँपपिपल अस्पताल सडक स्तरोन्नतिका लागि रु तीन करोड विनियोजन गरिएको छ। उक्त सडक स्तरोन्नतिले स्थानीय बासिन्दाको आवागमनका साथै अस्पतालसम्म पुग्ने पहुँचलाई सहज बनाउने अपेक्षा गरिएको छ। नयाँ सहर आयोजनाअन्तर्गत सञ्चालन हुने ती योजनाले सडक सञ्जाल विस्तारसँगै स्थानीय तहमा पर्यटन, संस्कृति र आर्थिक गतिविधिलाई समेत चलायमान बनाउन सहयोग पुर्‍याउने पाण्डेले बताउनुभयो । विशेषगरी भानु साहित्य उद्यान र भानुभक्त आचार्यको जन्मस्थललाई केन्द्रमा राखेर निर्माण हुने पूर्वाधारले भानु क्षेत्रमा साहित्यिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ।

बन्दीपुरको सडक तथा पार्क निर्माणका कार्यक्रमले पनि पर्यटकीय पूर्वाधार थप व्यवस्थित गर्न सहयोग गर्नेछ । सडकको पहुँच विस्तारसँगै ग्रामीण क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीयस्थललाई मुख्य सडक सञ्जालसँग जोड्ने आधार तयार हुने कार्यालयको अपेक्षा छ । आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरि दश नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरुप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाविस १, २, ३, ४ र साविकको बन्दीपुर गाविस १, २, ३ र ४ समेटी आर्थिक वर्ष २०७२/७३ बाट नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरुआत भएको हो।

# चुम उपत्यका पुगेका पर्यटक अलपत्र

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असोज

भ्रमणका क्रममा चुम उपत्यका पुगेका पर्यटकहरू अलपत्र परेका छन् ।

आइतबार गएको बूढीगण्डकी बाढीले विभिन्न ठाउँका पुल तथा पदमार्ग बगाएपछि पर्यटक अलपत्र परेका हुन् ।

हिँडडुल गर्न तथा गन्तव्यतर्फ जान नपाएपछि पर्यटक त्रासमा रहेका स्थानीय होटल व्यवसायी उपसमितिका संयोजक गणेश कार्कीले बताउनुभयो। कतिपयलाई आज बिहानैदेखि नेपाली सेनाको ठूलो हेलिकप्टरले उद्धार गरिरहेको उहाँले जानकारी दिनुभयो । मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)का अनुसार चुम उपत्यकामा अहिले ८० भन्दा बढी पर्यटक छन् । कतै पनि जान नपाएपछि पर्यटकहरू आत्तिएका छेकम्पारका होटल व्यवसायी दोर्जे लामाले बताउनुभयो। "कतै हिँडडुल गर्न पाएका छैनन् । कसैको भिसा सकिन लाग्यो भनेर आत्तिएका छन् । कोही नाकाबन्दी भयो भनेर आत्तिएका छन्", उहाँले भन्नुभयो । यो परिस्थितिमा पर्यटकलाई उद्धार गर्न हेलिकप्टरले उडान अनुमति लिइरहनु नपर्ने निर्णय सरकारले गरेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्र शर्माले जानकारी दिनुभयो । "पर्यटकहरूलाई इमर्जेन्सी भए उनीहरूकै कम्पनीले उद्धार गर्न सक्छ। नत्र सरकारले आफ्नै कार्यसूचीअनुसार उद्धार गर्छ", उहाँले भन्नुभयो। अहिले बाढी प्रभावित क्षेत्रमा अलपत्र परेकाहरूको उद्धार कार्यलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ।

## सच्चाईएको

यहि मिति २०८३ असोज १७ गते भित्री पृष्ठमा प्रकाशित सार्वजनिक सूचनामा वडा नं. ५ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ।

# भसभसेमा सडक भासिँदा यातायात सञ्चालनमा समस्या

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ असोज

बेनी नगरपालिका-२ स्थित भसभसेको पहिरो म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक बागलुङ-बेनी सडकको मुख्य चुनौती बनेको छ।

यही असोज ८ देखि ११ गतेसम्मको झरीका कारण म्याग्दी र कालीगण्डकी नदीको दोभान नजिकै रहेको भसभसेमा बाढीको कटानले सडक भासिएको र बगेका कारण यातायातका साधन सञ्चालनमा समस्या हुनाका साथै दुर्घटनाको जोखिम बढेको छ । पर्वत र बागलुङ जोड्ने मालढुङ्गाको सडक पुलको पहुँचमार्ग कालीगण्डकीले बगाएपछि मध्य पहाडी लोकमार्ग भएर बागलुङ, रुकुम पुर्व-पश्चिम, जाजरकोटका पोखरा-काठमाडौँ जाने-आउने सवारीसाधनहरूले पनि बागलुङ-बेनी-मालढुङ्गाको वैकल्पिक सडक प्रयोग गरिरहेका छन् । बेनी नगरपालिका-२ खबराका कमल सुवेदीले सडक दवेको ठाउँमा हिलोमा गाडी फस्ने, उकालो उक्लने नसक्ने, सवारीसाधनको जाम हुने, साँघुरो भएकाले दुर्घटनाको पनि जोखिम भएको बताउनुभयो । "नदी कटान र पहिरोका कारण एक सय मिटर दूरीमा सडक साविकको भन्दा दुईदेखि तीन मिटर भासिएको र दबेको छ," उहाँले भन्नुभयो, "सवारीसाधनको चाप बढेको हुँदा घण्टौँ जाम हुने गरेको छ।" आर्थिक वर्ष २०८१/८२ मा सडक डिभिजन कार्यालय बागलुङले भसभसे पहिरोको भूमिगत पानी व्यवस्थापन र हिलोमा ढलान गरेको थियो।

हाल ढलान गरेको सडक सबै भासिएको छ । जिल्ला समन्वय समिति, म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले भसभसेमा यातायात व्यवस्थापनका लागि सडक डिभिजन कार्यालयले मर्मत र उपकरण परिचालन गरे पनि प्रतिकूल भूगोलका कारण समाधान हुन नसकेको बताउनुभयो। "सडक डिभिजनले ग्राभेल राखे पनि दबेर भोलिपल्ट पहिलेको जस्तो अवस्था हुन्छ," उहाँले भन्नुभयो "सडक भासिने र दब्ने क्रम नरोकिएकाले फसेका गाडीलाई 'डोजर'को सहयोगले तार्ने गरिएको छ ।" भसभसे पहिरोका कारण खबरा गाउँ पनि जोखिममा परेको छ।

कालीगण्डकी र म्याग्दी नदीको दोभानमा पक्की पर्खाल गरेर तटबन्धका साथै पहिरोग्रस्त ठाउँमा 'ग्रेड' मिलाउने र पक्की बनाउन सडक डिभिजन कार्यालयमार्फत पहल गरिएको कार्यवाहक जिसस प्रमुख खत्रीले बताउनुभयो।

# धेरै दूध बिक्री गर्ने १५ जना किसान पुरस्कृत

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज

स्थानीय बन्दीपुर गाउँपालिका-५, याम्पाफाँटका १५ जना किसान पुरस्कृत भएका छन् । याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्थाले दूध बिक्रीका आधारमा उत्कृष्ट किसानलाई पुरस्कृत गरेको सहकारीका अध्यक्ष काशीनाथ भट्टराईले जानकारी दिनुभयो।

सहकारीमार्फत गत आर्थिक वर्षमा सबैभन्दा बढी दूध बिक्री गर्ने नमुना गाई फार्मका सञ्चालक पुष्पराज पौडेल प्रथम हुनुभएको छ । उहाँले ८९ हजार एक सय २८ लिटर दूध बिक्री गर्नुभएको छ।

त्यसैगरी, ५१ हजार आठ सय १२ लिटर दूध बिक्री गर्ने व्यावसायिक किसान काशीनाथ भट्टराई दोस्रो तथा ४४ हजार चार सय ४४ लिटर दूध बिक्री गर्ने सुरज घिमिरे तेस्रो हुनुभएको छ।

त्यस्तै छविलाल घिमिरे चौथो, कमला पन्थ पाँचौं, हरिप्रसाद भट्टराई छैटौं र ओमप्रसाद लामिछाने सातौं स्थान प्राप्त गरी पुरस्कृत हुनुभयो। त्यस्तै इन्दिरा भट्टराई आठौं, ऋषिराम भट्टराई नवौं र रामनाथ भट्टराईले दसौं स्थान प्राप्त गर्नुभएको थियो।

यसैगरी मुना न्यौपाने एघारौं, सानुमाया सुनार बाह्रौं, टकराज लामिछाने तेह्रौं, इन्दिरा घिमिरे चौधौं तथा १८ हजार एक सय ८४ लिटर दूध उत्पादन गर्ने ओमप्रकाश गुरुङले पन्ध्रौं स्थान प्राप्त गरी पुरस्कृत हुनुभयो। उहाँहरूलाई रु तीन हजारदेखि ११ हजारसम्म नगद पुरस्कार प्रदान गरिएको सहकारीका अध्यक्ष भट्टराईले जानकारी दिनुभयो । सहकारीले गत आर्थिक वर्षमा १४ लाख लिटरभन्दा बढी दूध बिक्री गरी रु १७ करोड बढीको कारोबार गरेको थियो । पशुपालनको क्षेत्रमा महत्वपूर्ण केन्द्रका रूपमा परिचित याम्पाफाँटका किसान लामो समयदेखि व्यावसायिक पशुपालनमा सक्रिय छन् । दुग्ध उत्पादनलाई आम्दानीको प्रमुख माध्यम बनाउँदै आएका यहाँका किसानले स्थानीय अर्थतन्त्र र कृषि उद्यमको विकासमा योगदान पुऱ्याउँदै आएका छन्।

# आँबुखैरेनीमा ४५ रोपनीमा सयपत्री फूलखेती

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज



दसैंको रौनकसँगै तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित आँधीमूल यानचोकका बारी सयपत्री फूलले पहेँलपुर बनेका छन् । तीन वर्षअघि सुरु भएको व्यावसायिक फूलखेती अहिले ४५ रोपनी क्षेत्रफलमा विस्तार भएको छ । फूलखेतीले स्थानीय ४५ महिलालाई उद्यमशीलता र आर्थिक आत्मनिर्भरताको बाटोमा अघि बढाएको छ।

सामूहिक रूपमा फूलखेती गर्दै आएका महिला यतिबेला फूल टिप्न र बजारमा बिक्री गर्न व्यस्त छन् । पहिलो टिपाइमै ५० किलो फूलको माग आएपछि समूहमा उत्साह थपिएको छ। स्थानीयस्तरमै उत्पादन भएको फूल बिक्री गरेर आम्दानी गर्न पाउँदा महिलालाई आफ्नै श्रमबाट आर्थिक रूपमा सबल बन्ने अवसर मिलेको छ।

महिला समूहकी अध्यक्ष सुन्तली गुरुङका अनुसार फूलखेतीलाई व्यावसायिक रूपमा अघि बढाउँदै आएका महिला शनिबारदेखि फूल टिप्ने र बिक्री गर्ने काममा जुटेका हुन्। पहिलो टिपाइमै माग आउनुले फूलखेतीको बजार सम्भावनालाई थप उत्साहजनक बनाएको उहाँले बताउनुभयो । "दमौलीमा कोसेली घर सञ्चालन गर्दै आउनुभएकी उद्यमी कल्पना गौलीले ५० किलो फूलको माग गर्नुभएकाले फूल टिप्न सुरु गरेका छौं", गुरुङले भन्नुभयो। महिलालाई सामूहिक उद्यममा जोड्दै स्थानीयस्तरमा आयआर्जनको अवसर सृजना गर्ने उद्देश्यले सुरु गरिएको फूलखेतीले आर्थिक आत्मनिर्भरतामा सहयोग पुर्‍याएको उहाँको भनाइ छ। सामूहिक रूपमा खेती गर्दा श्रम र अनुभव साटासाट गर्न सहज हुनुका साथै स्थानीय स्रोतसाधनको उपयोगबाट आम्दानी गर्ने अवसर मिलेको उहाँले बताउनुभयो । गुरुङका अनुसार फूलखेतीलाई निरन्तरता दिँदै उत्पादन बढाउन र बजार विस्तार गर्नसके महिलाको आम्दानी विस्तार गर्न सकिन्छ। स्थानीयस्तरमै सयपत्री फूल उत्पादन हुन थालेपछि बाहिरबाट फूल ल्याउनुपर्ने बाध्यता हटेको उहाँले बताउनुभयो। उहाँका अनुसार फूल प्रतिकिलो रु ४०० सम्म बिक्री हुने गरेको छ।

आँबुखैरेनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार आँधीमूल यानचोकमा विगत तीन वर्षदेखि सयपत्री फूलखेती हुँदै आएको छ। महिलाको सहभागितामा विस्तार हुँदै गएको यस खेतीले उनीहरूलाई उत्पादनमूलक कामसँग जोड्नुका साथै आयआर्जनको अवसर सृजना गरेको उहाँले बताउनुभयो।

केसीका अनुसार यहाँ उत्पादित फूलको बजारमा समस्या छैन "फूलखेतीले स्थानीय महिलालाई आत्मनिर्भर बन्न सहयोग पुऱ्याएको छ। यहाँ उत्पादित फूलको बजारमा समस्या छैन", उहाँले भन्नुभयो । स्थानीयस्तरमा फूल उत्पादन र बिक्रीको सम्भावना देखिएसँगै खेतीलाई थप व्यवस्थित बनाउँदै लैजान सकिने उहाँले बताउनुभयो । महिलाको सहभागिता बढ्दै जाँदा आफ्नै श्रम र उत्पादनबाट आम्दानी गर्ने अवसर विस्तार हुँदै गएको उहाँको भनाइ छ।

